"समृद्ध छथर निर्माणको आधार:शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पुर्वाधार"

# छथर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

**शुक्रबारे, तेह्रथुम**

कोशी, प्रदेश नेपाल

प.सं.:२०८०/०८१
सू.नं.: ४२

फोन नं ०२६-४२००९९

मितिः२०८०।०९।१८

श्री सम्पूर्ण सामुदायिक माध्यमिक विद्यालयहरु,

छथर गाउँपालिका,शुक्रबारे तेह्रथुम ।

विषयः ५ औ राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता २०८० सञ्चालन सम्बन्धमा ।

प्रस्तुत सम्बन्धमा छथर गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिको मिति २०८०।०९।१८ गतेको निर्णयअनुसार छथर गाउँपालिका भित्र संञ्चालनमा रहेका सामुदायिक माध्यमिक विद्यालयहरुको सहभागितामा मिति २०८०।१०।११ गते देखि १३ गते सम्म छथर गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता २०८० सञ्चालन हुने भएकोले राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका-२०७०(संसोधन सहित) अनुसार यस शैक्षिक सत्र २०८० भित्र १८ वर्ष उमेर पुरा नभएका (तेह्रथुम जिल्ला खेलकुद विकास समिति को च.न. १७ मिति २०८०।०९ ।०५ को पत्रानुसार) कक्षा १२ सम्म नियमित अध्ययनरत १८ वर्ष भन्दा मुनिका विद्यार्थीहरु सहभागी हुने गरी निर्देशिका अनुसार संलग्न फाराम भरी सहभागी हुने खेल अनुसारको Soft copy Excel समेत तयार गरी मिति २०८०।१०।०९ गते मंगलबार ४ बजे कार्यालय समय भित्र गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखामा अनिवार्य दर्ता गर्नु हुन अनुरोध छ। रीत नपुगी वा तोकिएको समय पछि आवेदन गर्ने विद्यालयहरुलाई उक्त प्रतियोगितामा समावेश गर्न सकिने छैन ।

नोटः तोकिएको समय भन्दा पछाडी दर्ताको लागि आएको विद्यालयलाई दर्ता गरिने छैन साथै नाम दर्ता गराइसकेपछि पुनः खेलाडीको नाम फेरबदल गराउन पाइने छैन ।

प्रतियोगितामा समावेश हुने खेलहरु र खेलाडी संख्या

| क्र.स. | खेलहरु | समुह | | खेलाडी सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | भलिबल | छात्र | छात्रा | ८/८ जना | भलिबल र कवड्डि खेलका खेलाडीले अन्य खेलमा सहभागि हुन नपाउने र एथ्लेटिक्स इभेन्टमा प्रत्येक खेलाडीले बढीमा एक फिल्ड दुइ ट्र्याक वा दुइ फिल्ड एक ट्र्याक इभेन्टमा भाग लिन पाउने छन् । |
| २ | कवड्डी | छात्र | छात्रा | ९/९ जना | |
| ३ | सटफुट | छात्र | छात्रा | १/१ जना | |
| ४ | ज्याभलिङ थ्रो | छात्र | छात्रा | १/१ जना | |
| ५ | लङजम्प | छात्र | छात्रा | १/१ जना | |
| ६ | हाइजम्प | छात्र | छात्रा | १/१ जना | |
| ७ | त्रिपलजम्प | छात्र | छात्रा | १/१ जना | |
| ८ | १०० मि. दौड | छात्र | छात्रा | १/१ जना | |
| ९ | २०० मि. दौड | छात्र | छात्रा | १/१ जना | |
| १० | ४०० मि. दौड | छात्र | छात्रा | १/१ जना | |
| ११ | ८०० मि. दौड | छात्र | छात्रा | १/१ जना | |
| १२ | १५०० मि. दौड | छात्र | छात्रा | १/१ जना | |
| १३ | ३००० मि. दौड | छात्र | छात्रा | १/१ जना | |
| १४ | ४*१०० मि. रिले | छात्र | छात्रा | ४/४ जना | |
| १५ | ४*४०० मि. रिले | छात्र | छात्रा | ४/४ जना | |

# छथर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

शुक्रबारे, तेह्रथुम
कोशी, प्रदेश नेपाल

प.सं.:२०८०/०८१
सू.नं.:

फोन नं ०२६-४२००९९

सहभागी विद्यालहरुले निर्देशिकामा भएका अतिरिक्त पालना गर्नुपर्ने शर्त तथा नियमहरु:

१. शैक्षिक सत्र २०८० मा नियमित अध्ययनरत हुनुका साथै १८ वर्ष मुनिका विद्यार्थीहरु मात्र सहभागी हुनुपर्ने छ ।

२. विद्यार्थीहरुले यसै साथ संलग्न सहभागी आवेदन फाराममा आवश्यक सम्पूर्ण विवरण र विद्यार्थीको पासपोर्ट साइजको फोटो टाँस गरी विद्यालयका प्रधानाध्यापकले सम्बन्धित ठाँउमा प्रमाणित गरी समयमा दर्ता गर्नु पर्नेछ।

३. आवेदनको साथमा सहभागी प्रत्येक विद्यार्थीको जन्ममिति खुल्ने जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि अनिवार्य समावेश गरी पेश गर्नु पर्नेछ ।

४. रीत नपुगि तोकिएको समय पछि आवेदन गर्ने विद्यालयलाई प्रतियोगितामा समावेश गर्न सकिने छैन ।

६. विद्यालयले आफ्ना खेलाडीको व्यास्थापन आफै गर्नु पर्नेछ । खेलाडीको खेल पोशाक अनिवार्य हुनु पर्नेछ।

७. कार्यक्रम उद्घाटन (२०८०।१०।११ गते विहान ११ बजे) छथर गाउँपालिकाको खुल्ला मञ्चमा हुने भएकोले सम्पुर्ण सहभागि विद्यालयले व्यानर सहित सम्पूर्ण इभेन्टका खेलाडीहरु सहभागी गराउनु पर्नेछ ।

८. निर्देशिका विपरित हुनेगरी कुनै विद्यालयले गलत खेलाडी समावेश गरेको पाइएमा उक्त खेल समुहबाट विद्यालयलाई निष्कासन गरी निर्देशिका बमोनिम सञ्चालन हुने आगामी २ वर्ष सम्मको खेलमा सहभागि हुन अयोग्य सुचिमा राखिने छ ।

पुनश्चः soft copy Excel sheet को लागी dkkhanal12@gmail.com वा educationchhathar@ gmail.com इमेल प्रयोग गर्नुहोला ।

थप जानकारीको लागि ९८४२२४३०९०

डण्डिकेशर खनाल
शिक्षा अधिकृत

छथर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
शुक्रवारे, तेह्रथुम
कोशी प्रदेश, नेपाल

# अनुसुचि १

## दफा ९ को उपदफा (१) र (६),दफा १२ को उपदफा (१), दफा १४ को उपदफा (१) सँग सम्बन्धित

## प्रतियोगितामा सहभागी हुन भर्नुपर्ने पाराम

१. सहभागी विद्यार्थीको नामः
२. IEMIS code:
३. विद्यालयको नाम र ठेगानाः
४. अध्ययनरत कक्षाः
५. जन्म मितिः
६. सहभागी हुने खेलः
७. सहभागी हुने विद्यार्थीको हस्ताक्षरः

सहभगी खेलाडीको फोटो

उल्लेखित बेहोरा ठिक साँचो हो भनि प्रमाणित गर्ने,

| विद्यालयबाट छनोट भएका | स्थानिय तहबाट छनोट भएका | जिल्लाबाट छनोट भएका | प्रदेशबाट छनोट भएका |
|---|---|---|---|
| प्रधानाध्यापकको | संयोजक वा सदस्य सचिव | जि.खे.वि.स.कार्यालय प्रमुख | प्र.कार्यालय प्रमुख |
| नामः | नामः | नामः | नामः |
| पदः | पदः | पदः | पदः |
| हस्ताक्षरः | हस्ताक्षरः | हस्ताक्षरः | हस्ताक्षरः |
| मोवाइल नं. | मोवाइल नं. | मोवाइल नं. | मोवाइल नं. |
| कार्यालयको छापः | कार्यालयको छापः | कार्यालयको छापः | कार्यालयको छापः |

खेलाडीको जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ ।

डण्डिकेशर खनाल
शिक्षा अधिकृत